बैठक संख्या : ०५

आज मिति २०८१ साल कार्तिक १४ गते बुधवार विहान ११:०० बजे विहादी गाउँपालिकाका अध्यक्ष श्री परविन गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक गाउँकार्यपालिकाको कार्यालयको बैठक कक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| श्री परविन गुरुङ | अध्यक्ष |
| श्री मिना शर्मा तिवारी | उपाध्यक्ष |
| श्री चित्र बहादुर गुरुङ | सदस्य |
| श्री गणेश शर्मा पौडेल | सदस्य |
| श्री गणेश प्रसाद पराजुली | सदस्य |
| श्री विष्णु प्रसाद भुसाल | सदस्य |
| श्री खिम बहादुर थापा | सदस्य |
| श्री मन बहादुर बस्याल | सदस्य |
| श्री सविता गुरुङ | सदस्य |
| श्री विस्नु भुसाल | सदस्य |
| श्री यमकला नेपाली | सदस्य |
| श्री कमला कुमारी परियार | सदस्य |
| श्री तुलसी कुमारी सुनार | सदस्य |
| श्री माया वि.क. | सदस्य |
| श्री हरि प्रसाद भुसाल | सदस्य सचिव |

**अन्य उपस्थिति :**

| | |
|---|---|
| श्री सुरेन्द्र पोखरेल | लेखापाल |
| श्री सन्तोष सुवेदी | कम्प्यूटर अपरेटर |

**निर्णय नं १ :** भूमि बैंक स्थापना तथा कार्यन्वययन सम्बन्धी कार्यविधि निर्माण समितिबाट स्वीकृतिको लागि यस बैठकमा पेश भएको भूमि बैंक स्थापना तथा कार्ययान्वयन सम्बन्धि कार्यविधिको विस्तृत अध्ययन गरि आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं २ :** सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको च नं ४९७, मिति २०८१।०६।०६ गतेको पत्र बमोजिम विद्यालयमा न्यूनतम मानविय सीप विकास कार्यक्रम अन्तरगत माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरुका लागि ३ दिनको विपद् तथा जोखिम व्यवस्थापन सम्बन्धी सीप विकास कार्यक्रम सञ्चालन गर्नको लागि यस विहादी गाउँपालिका अन्तर्गतका देहाय बमोजिमका माध्यमिक विद्यालयहरु छनौट गरियो ।

देहाय:

१. श्री वहाकी माध्यमिक विद्यालय, विहादी ४ वहाकीठाँटी

२. श्री नेपालतारा मध्यमिक विद्यालय, विहादी ३ रानीपानी

**निर्णय नं ३ :** सडक बोर्ड नेपालको च नं ४३९, मिति २०८१।०६।१३ गतेको पत्रानुसार सडक बोर्ड नेपालबाट चालु आर्थिक वर्ष २०८१।०८२ मा यस विहादी गाउँपालिकामा स्थानीय सडक मर्मत संभार कार्यको लागि प्राप्त रकम रु १८ लाख स्वीकृत गरि यस गाउँपालिकाले व्यहोर्नुपर्ने रकम रु ५ लाख ४० हजार रुपैयाँ गाउँपालिकाको समपुरक कोषबाट विनियोजन गरि जम्मा रकम रु २३ लाख ४० हजार रुपैयाँ विहादी गाउँपालिका ४ नं वडा वहाकीठाटीमा रहेको **बाँधखोला तलामुत सडक मर्मत**को लागि खर्च गर्ने निर्णय गरियो । साथै उक्त कार्यक्रम स्वीकृतिको लागि सडक बोर्ड नेपाल समक्ष पेश गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं ४ :** विहादी गाउँपालिका अन्तरगत निर्माण भएका घरहरुको व्यवस्थित अभिलेख राख्ने प्रयोजनार्थ घर अभिलेखिकरण कार्यविधिको मस्यौदा निर्माण गरि कार्यपालिकामा पेश गर्न भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखालाई जिम्मा दिने निर्णय गरियो ।